# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### आ.व. ०८२/०८३ (का.पा.बै.सं १)

मिति २०८२ साल श्रावण ३० गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव (नि.प्र.प्र.अ) सचिव | श्री गंगाराम आचार्य | |

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्याः १/२०८२/०८३ (१८१) मितिः२०८२/०४/३० गते ।

**प्रस्तावहरुः**

१.नगर दररेट स्वीकृत सम्बन्धमा ।

२.योजनाको म्याद थप सम्बन्धमा ।

३.राजस्व परामर्श समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

४.हालसम्म दर्ता/सूचीकृत नभएका व्यवसायको कर तथा वक्यौता रकम सम्बन्धमा ।

५.रुपन्देही एस.आर.रोडा उद्योगको आ.व.२०८१/०८२ को पत्थरडाँडा – तिनाउ सडक मर्मत दस्तुर सम्वन्धमा ।

६.देहायका कार्यविधिहरु स्वीकृत/संशोधन सम्बन्धमा ।

६.क) तिलोत्तमा नगरपालिकाको पुराना नक्सा पास नभएका भवनहरुको नक्सा पास अभिलेखीकरण सम्वन्धी कार्यविधि, २०८२ सम्वन्धमा ।

६.ख) तिलोत्तमा नगरपालिकाको तिनपाँग्रे सवारी साधन संचालन कार्यविधि संशोधन सम्बन्धमा ।

६.ग) तिलोत्तमा नगरपालिकाको प्राईभेट फर्म दर्ता एवं नविकरण सम्बन्धी कार्यविधि, २०८२ सम्बन्धमा

७.योजना, सडक तथा भवन निर्माण समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

८. तिलोत्तमा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्वन्धि मापदण्ड तथा आधारहरु २०७९ (प्रथम संशोधन) सम्बन्धमा ।

कृष्ण खाण

नगर प्रमुख

निर्णय नं.-१

तिलोत्तमा नगरपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न योजना तथा कार्यक्रमहरु संचालन गर्नका लागि प्रचलित कानुनलाई आधार मान्ने गरी वा छिमेकी पालिकाहरुको दररेट समेतलाई आधार मान्न सकिने गरि आ. व. २०८२/०८३ का लागि जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले निर्धारण गरेको जिल्ला दररेटलाई नै नगर दररेटको रुपमा कायम गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

आ.व. २०८१/०८२ मा कार्य संझौता भई विभिन्न कारणले सम्पन्न हुन नसकेका देहायका योजनाहरुको तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.स | योजनाको नाम | वडा नं. | कार्य सम्पन्न गर्नुपर्ने मिति | म्याद थप गर्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | भलवारी बुधबारे हाटबजार सडक स्तरउन्नती | ७ | २०८२/२/३० | २०८२/८/२९ | निर्माण समाग्री तथा पलान्ट अभाव भएको |
| २ | गणेशपुर हाटबजार पश्चिम सिमा पथदेखि डिलबहादुरको घर सम्म तल्लो गणेशपुर सडक मर्मत | ६ | २०८२/१/२१ | २०८२/८/२९ | निर्माण समाग्री तथा पलान्ट अभाव भएको |
| ३ | श्री सिद्धार्थ आधारभूत विद्यालय भवन निर्माण | १ | २०८२/२/३० | २०८२/८/२९ | निर्माण समाग्री तथा पलान्ट अभाव भएको |
| ४ | वभनी टोल विकास संस्था अन्तरगत मुकुन्द पाण्डेको घर अगाडि देखि पुरानो सडक सम्म सडक स्तरउन्नती | १३ | २०८२/२/३० | २०८२/८/२९ | निर्माण समाग्री तथा पलान्ट अभाव भएको |
| ५ | चाँदनी मार्ग सडक स्तरउन्नती | ४ | २०८२/२/३० | २०८२/८/२९ | निर्माण समाग्री अभाव भएको तथा सम्झौता अनुसारको क्वान्टिटी नपुगेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | साझा पथ सडक स्तरउन्नती | -४ | २०८२/२/३० | | निर्माण समाग्री अभाव भएको तथा सम्झौता अनुसारको फिलिङको क्वान्टिटी नपुगेको |
| ७ | जमुहानी स्मार्ट पार्क दक्षिण तर्फबाट पश्चिम खोलाको किनारासम्मको सडक स्तरउन्नती | १७ | २०८२/२/३० | २०८२/८/२९ | निर्माण समाग्री तथा पलान्ट अभाव भएको |
| ८ | मैनहवा चोक देखि १२ नं वडा सिमाना सम्म सडक कालोपत्र | १० | २०८२/२/३० | २०८२/८/२९ | निर्माण समाग्री तथा पलान्ट अभाव भएको |
| ९ | तोलाकान्त भण्डारीको घरदखि वडा कार्यालयसम्मको सडक कालोपत्रे | ३ | २०८२/२/३० | २०८२/८/२९ | निर्माण समाग्री तथा पलान्ट अभाव भएको |
| १० | सुनौलो नगरमा नाला सहित सडक स्तरउन्नती | ३ | २०८२/२/३० | २०८२/८/२९ | निर्माण समाग्री तथा पलान्ट अभाव भएको |
| ११ | गंगोलिया डम्मरमरुवा सडक स्तरउन्नती | १७ | २०८२/२/३० | २०८२/८/२९ | सडकको गुणस्तरमा समस्या रहेको । |
| १२ | वडा नं ११ को सभाहल निर्माण | ११ | २०८२/३/१५ | २०८२/८/२९ | निर्माण समाग्री अभाव भएको |
| १३ | मालिका पथ सडक स्तरउन्नती | ६ | २०८२/३/१५ | २०८२/८/२९ | निर्माण समाग्री अभाव भएको |
| १४ | वडा नं ९ का विभिन्न सडक निर्माण | ९ | २०८२/३/१५ | २०८२/८/२९ | निर्माण समाग्री अभाव भएको |
| १५ | वडा नं ९ को वाउण्ड्रीवाल,स्वास्थ्य केन्द्रमा टायल र बाजी टोलमा प्रतिक्षालय निर्माण | ९ | २०८२/३/१५ | २०८२/८/२९ | जग्गा बिवाद रहेको । |

नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | स्वागतद्वार निर्माण कार्य कोटिहवा | १५ | २०८२/०३/१५ | २०८२/८/२९ | प्राविधिक जटिलता र थप आईटम रहेको । |
| १७ | नगरपालिकाको बाउण्ड्रीवाल तथा अधुरो सडक निर्माण | तिनपा | २०८२/०३/१५ | २०८२/८/२९ | निर्माण समाग्री अभाव भएको |
| १८ | स्वास्थ्य चौकी भवन निर्माण | १३ | २०८२/३/१५ | २०८२/८/२९ | नगर सभामा बजेट बिनियोजन भएको। र वर्षादको कारण काम हुन नसकेको। । |
| १९ | शंकरनगर वन बिहार अनुसन्धान केन्द्र पूर्वाधार निर्माण | १ | २०८२/३/१५ | २०८२/६/३० | वजेट निकास नभएकोले । |

निर्णय नं.-३

मिति २०८२/०४/१८ गते तिलोत्तमा नगरपालिकामा बसेको राजस्व परामर्श समितिको बैठकका देहाय निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय १-

तिलोत्तमा नगरपालिकाको आ.व.२०८२/०८३ का लागि कवाडी मालवस्तु निकासी कर उठाउने कार्यको लागि वार्षिक रु.३७,०१,५००/- न्युनतम अंक कायम गरि मिति २०८२/०२/१३ र २०८२/०३/१५ गते वोलपत्र आव्हानको सूचना प्रकाशन गरिएकोमा दुवै पटक ठेक्का बन्दोबस्त हुन नसकेको हुँदा यस सम्वन्धमा छलफल हुँदा साविकको न्युनतम अंकमा एक आ.व. का लागि मात्र ठेक्का बन्दोबस्त हुन नसक्ने देखिएकोले उक्त अंकमा संशोधन गरि वार्षिक रु.३०,००,०००/- कायम गर्ने र सोही बमोजिम दुई आ.व.का लागि रु.५५,००,०००/-(चालु आ.व. २०८२/०८३ को बाँकी १० महिनाका लागि २५,००,०००/- र आगामी आ. व.२०८३/०८४ का लागि ३०,००,०००/-) न्युनतम अंक कायम गरि ठेक्का बन्दोबस्तिको प्रकृया गर्न तिलोत्तमा नगरपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय २-

तिलोत्तमा नगरपालिकाको आ.व.२०८२/०८३ र २०८३/०८४ गरि दुई आ.व. का लागि विज्ञापन कर उठाउने कार्यको ठेक्का देहाय बमोजिम हुने गरि न्युनतम अंक प्रति वर्ष रु.१४,००,०००/- का दरले दुई

राजकृष्ण खाग
नगर प्रमुख

आ.व.का लागि रु.२८,००,०००/- कायम गरि आय बन्दोबस्तिको प्रकृया गर्न तिलोत्तमा नगरपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | ईकाइ | करको दर मू.अ.कर बाहेक रु. | परिचय पाटी भएमा कर छुट हुने अधिकतम साईज |
|---|---|---|---|---|
| १ | होर्डिङ्ग बोर्ड | प्रति वर्गफुट | ६६/- | ५० वर्गफिट |
| २ | ग्लो साईनबोर्ड, डि.पि.एस. | प्रति वर्गफुट | ८०/- | ५० वर्गफिट |
| ३ | एल.ई.डी. बोर्ड | प्रति वर्गफुट | ८०/- | - |
| ४ | भित्ते लेखन | प्रति वर्गफुट | २६/- | - |
| ५ | ब्यानर | प्रति दिन | ४०/- | - |

निर्णय ३- तिलोत्तमा नगरपालिका वडा नं. १० र १७ को सिमानामा रहेको सार्वजनिक माछा पोखरीलाई लिजमा दिई राजस्व बन्दोबस्ति गर्नका लागि न्युनतम अंक रु.६५,०००/- (२/२ वर्षमा १० प्रतिशतले बृद्धि हुनेगरि) कायम गरि तिलोत्तमा नगरपालिकाले सरकारी जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७६ को दफा ५ (क) बमोजिम पाँच आ.व. (२०८२/०८३, देखी ०८६/०८७) का लागि लिजमा दिई आय बन्दोबस्तिको प्रकृया गर्न तिलोत्तमा नगरपालिकालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय- ४

तिलोत्तमा नगरपालिकामा कार्यक्षेत्र भई सञ्चालनमा रहेका तर स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ तथा तिलोत्तमा नगरपालिकाको सालबसाली आर्थिक ऐन बमोजिम व्यवसाय कर प्रयोजनका लागि यस नगरपालिकामा दर्ता वा सूचिकृत नभएका व्यवसायहरुलाई व्यवसाय करको दायरामा ल्याउन, एकपटक सूचिकृत भएर पनि नियमित रुपमा व्यवसाय कर नबुझाएका व्यवसायहरुको व्यवसाय कर सुचारु गर्न र विभिन्न कारणले भौतिक रुपमा व्यवसाय बन्द भएका तर लगत कट्टी नगरेका व्यवसायहरुको लगत कट्टा गराउन देहाय बमोजिम हुनेगरि २०८२ पौष मसान्त सम्मको म्याद दिई सो अवधिमा दर्ता वा सूचिकृत नभएकाको हकमा दर्ता वा सूचिकृत हुन आएमा वा दर्ता भएर पनि नियमित रुपमा कर दाखिला नगरेका व्यवसायको हकमा कर दाखिला गर्न आएमा वा बन्द भएर पनि लगत कट्टा नगरेका व्यवसायको हकमा लगत कट्टा गर्न आएमा त्यस्ता व्यवसायको २०७४/०७५ देखि २०७९/०८० सम्मको बक्यौतामा लाग्ने हर्जानामा ८० प्रतिशत छुट दिनेगरि तपसील बमोजिमको सार्वजनिक सूचना जारी गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसील

| क्र.सं. | छुट योजना लागु हुने व्यवसायहरु | प्रष्टिकरण |
|---|---|---|
| १ | तिलोत्तमा नगरपालिकामा कार्यक्षेत्र | आ.व. २०७४/०७५ देखि वा व्यवसाय सञ्चालन गरेको आ.व. |

रामकृष्ण खाण
नगर प्रमुख

| | | |
|---|---|---|
| | भई सञ्चालनमा रहेका तर व्यवसाय कर प्रयोजनका लागि यस नगरपालिकामा हालसम्म दर्ता वा सूचिकृत नभएका सबै प्रकारका व्यवसायहरु । | देखि २०७९/०८० सम्मको बक्यौतामा लाग्ने हर्जानामा ८० प्रतिशत रकम छुट हुनेछ । तर २०८०/०८१ र २०८१/०८२ को बक्यौतामा लाग्ने हर्जानामा छुट हुने छैन। यी व्यवसायहरुले आ.व. ०८२/०८३ को व्यवसाय कर दाखिला तथा व्यवसाय दर्ता/सूचिकृत गरि नियमित करदाता बन्नुपर्नेछ । |
| २ | तिलोत्तमा नगरपालिकामा व्यवसाय कर बुझाई दर्ता/सूचिकृत भएका तर नियमित रुपमा व्यवसाय कर नबुझाएका सबै प्रकारका व्यवसायहरु | पछिल्लो पटक कर बुझाएको आ. व. देखि २०७९/०८० सम्मको बक्यौतामा लाग्ने हर्जानामा ८० प्रतिशत छुट हुनेछ । २०८०/०८१ र २०८१/०८२ को बक्यौतामा लाग्ने हर्जानामा छुट हुनेछैन । यी व्यवसायहरुले आ.व. ०८२/०८३ को समेत कर दाखिला गरि नियमित करदाता बन्नुपर्नेछ । |
| ३ | तिलोत्तमा नगरपालिकामा व्यवसाय कर बुझाई दर्ता/सूचिकृत भएता पनि भौतिक रुपमा व्यवसाय बन्द गरेका तर हालसम्म व्यवसायको लगत कट्टी नगरेका सबै प्रकारका व्यवसायहरु | पछिल्लो पटक कर बुझाएको वा व्यवसाय बन्द भएको आ. व. देखि २०७९/०८० सम्मको बक्यौतामा हर्जाना ८० प्रतिशत छुट हुने । २०८०/०८१ र २०८१/०८२ को बक्यौतामा हर्जाना छुट हुनेछैन। साथै आ.व. ०८२/०८३ को समेत कर दाखिला गरि व्यवसायको लगत कट्टा गराउनु पर्नेछ ।छुटको सुविधा लिन यस्ता व्यवसायले भौतिक रुपमा बन्द भएको प्रमाण (सर्जमीन) पेश गर्नुपर्नेछ । |

निर्णय- ५

तिलोत्तमा नगरपालिका वडा नं.-१३ मा संचालनमा रहेको रुपन्देही एस.आर.रोडा उद्योगले पत्थरडाँडा तिनाउ सडक बन्द भएको कारणले उद्योगले सियारी गाउँपालिकाको बाटो प्रयोग गरि बाटो मर्मत तथा पर्यावरण दस्तूर समेत उक्त पालिकालाई बुझाएको हुँदा दोहोरो पर्नेगरि तिलोत्तमा नगरपालिकालाई राजस्व बुझाउन नसक्ने हुँदा दोहोरो कर छुट पाउन पेश हुन आएको निवेदनका सम्बन्धमा आवश्यक अध्ययन गरि कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न देहायको उपसमिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

संयोजक- वडाध्यक्ष, वडा नं. ८, श्री कृष्ण प्रसाद पौडेल

सदस्य- वडाध्यक्ष, वडा नं. ६, श्री गणेश पाठक

सदस्य- वडाध्यक्ष, वडा नं. १३, श्री नारायण ढकाल

सदस्य- वडाध्यक्ष, वडा नं. १४, श्री अश्विन पौडेल

सदस्य- वडाध्यक्ष, वडा नं. १५, श्री खेमराज गुरुङ

सदस्य -सचिव- श्री इन्द्र दत्त सापकोटा

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं.-६

६.क) तिलोत्तमा नगरपालिकाको विद्येयक समितिबाट पेश भएका देहायका कार्यविधिहरुको मस्यौदा स्वीकृत गर्ने,

१. तिलोत्तमा नगरपालिकाको पुराना नक्सा पास नभएका भवनहरुको नक्सा पास अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८२ ।

२. "तिलोत्तमा नगरपालिकाको प्राईभेट फर्म दर्ता एवं नविकरण सम्बन्धी कार्यविधि" २०८२ ।

साथै, "तिनपाग्रे सवारी साधन संचालन व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७९" बमोजिम नगरक्षेत्रभित्र अटो रिक्साको निर्धारित रुट खारेज गर्ने र अवैध रुपमा संचालित तिनपांग्रे सवारी साधनका लागि नगर कार्यपालिकाको मिति २०८०/०४/३१ गतेको निर्णय नं.१० मा निर्धारित जरिवाना दरमा संशोधन गरी प्रथम पटकका लागि रु.२०००/- दोस्रो पटकका लागि रु.५०००/- तेस्रो पटकका लागि रु.७०००/-लिने र कृषि प्रयोजन तथा परिचय खुल्ने गरी निजी घरायसी प्रयोजनका लागि प्रयोग हुनेको हकमा छुट दिने ।

निर्णय नं.-७

तिलोत्तमा नगरपालिकाको मिति २०८१/६/२० गतेको नगर कार्यपालिका बैठकबाट गठित योजना, सडक तथा भवन निर्माण समितिको विभिन्न मितिमा बसेको बैठकबाट भएका देहायका निर्णयहरु अनुमोदन गरियो।

तपसिलः

**योजना, सडक तथा भवन निर्माण सहजीकरण समितिको मिति २०८२/०४/२३ गतेको बैठकका निर्णयहरुः**

१ कुनै व्यक्ति वा संस्थाको जग्गा नापी नक्सा भन्दा फिल्डमा मोहडा र पिछाड बिचको दुरी बढी भएको तर सो जग्गाको संधियार तर्फको जग्गा पुगेको अवस्थामा संधियार नगरपालिकामा उपस्थित भइ मन्जुरी दिनुपर्ने साथै बढी भएको छेत्रफल Extra Land (EL) भनि नक्सामा देखाउने र बढी भएको जग्गा पछि सडकको चौडाई बढाउन आवश्यक देखिएमा सो जग्गा सडकमा राख्ने ।

२.नापी नक्सामा इनार भनि जनिएको तर त्यस्ता इनार पुरातात्वीक.ऐतिहासिक वा समाजले उपभोग गरेको वा नगरेको अवस्थामा वडाबाट सिफारिस भएमा नयाँ घर निर्माण गर्दा ५ फिट set- back छोडी घर नक्सा पास प्रक्रिया अगाडी बढाउने ।

३ नगरपालिकाको बाटोको सम्बन्धमा सिद्धार्थ राजमार्ग बाहेकको बाटोको हकमा setback (५/६.५) हुने गरेकोमा अब बन्ने घरको पर्खाल set back भित्रको २ फिट बाटो तर्फ नालीको लागि र ३ फिट कूलो तर्फ जग्गा छोडेर निर्माण गर्नुपर्ने ।

४ नगरपालिकाबाट छज्जाको जरिवाना तिरी पास भएको घर सम्पन्न भइ सकेको र हाल तल्ला थप गर्न परेमा साबिकमा नक्सा पास भए बमोजिम (जरिवाना नलिई) नै अगाडी बढाउने ।

निर्णय नं.-८

तिलोत्तमा नगरपालिकाको भू-उपयोग परिषद्को मिति २०८२/५/३० गतेको बैठकको सिफारिस बमोजिम तिलोत्तमा नगरपालिकाको भू-उपयोग क्षेत्र बर्गिकरण सम्बन्धि मापदण्ड तथा आधारहरु, २०७९ मा देहाय बमोजिम हुने गरि प्रथम संशोधन गर्ने निर्णय गरियो ।

तपसील

| तिलोत्तमा नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धि मापदण्ड तथा आधारहरु २०७९ को दफा ४ | | | |
|---|---|---|---|
| उपदफा | हाल कायम रहेको व्यवस्था | संशोधन पछि कायम हुने व्यवस्था | कैफियत |
| २ | जोखिम लगायत अन्य संवेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट वर्गिकृत क्षेत्रमा वर्गिकरण गर्ने। | .................... | सम्पूर्ण वाक्यहरु झिकिएको । |
| ११ | नगरपालिकाको सम्पूर्ण वडा कार्यालयबाट प्राप्त बाटोको विवरण (अनुसूची-१)बमोजिम सम्पूर्ण बाटोको १०० मीटर दाँया-बाँया हुनेगरि सम्बन्धित क्षेत्र अवास क्षेत्र अन्तर्गत रहने | नगरपालिकाको सम्पूर्ण वडा कार्यालयबाट प्राप्त बाटोको विवरण (अनुसूची-१) बमोजिम सम्पूर्ण बाटोको बिचबाट २०० मीटर दाँया-बाँया हुनेगरि सम्बन्धित क्षेत्र अवास क्षेत्र अन्तर्गत रहने | साविकको अनुसूची-१ मा उल्लेखित विवरण हटाई नयाँ विवरणहरु राखिएको |
| १३ | नेपाल सरकारमा रहेको बाटोको १०० मीटर दाँया र १०० मीटर बाँया को क्षेत्रलाई आवास क्षेत्रको रुपमा रहने | नेपाल सरकारमा रहेको बाटोको बिचबाट २०० मीटर दाँया र २०० मीटर बाँयाको क्षेत्रलाई आवास क्षेत्रको रुपमा रहने | |
| १४ | हाल आवासीय प्रयोगमा रहेको घरबाट १०० मीटर अर्धव्यास भित्र पर्ने क्षेत्रलाई आवास क्षेत्रको रुपमा रहने | हाल आवासीय प्रयोगमा रहेको घरबाट २०० मीटर अर्धव्यास भित्र पर्ने क्षेत्रलाई आवास क्षेत्रको रुपमा रहने | |

रामकृष्ण खाण
नगर प्रमुख